# सफल महिला उद्यमी
# लक्ष्मी शर्मा



जन्म मिति : वि.सं. २००७ मंसिर ३

# सफल महिला उद्यमी : लक्ष्मी शर्मा



-मीना ज्ञवाली

"जीन्दगीमा जहिले पनि हाँस्न सिक साथी
दुःख सँग हात मिलाई बाँच्न सिक साथी ।"

जब विहान ८ वजे यो पंक्तीकार उद्योगी व्यवसायी लक्ष्मी शर्मासँग साक्षात्कारका लागि पुग्दा उहाँ आफ्नो अफिसको माथिल्लो तल्लामा रहेको हलमा आनन्दसाथ संगीत गुरुसँग माथिका गीतका हरफहरु अत्यन्तै मन्त्रमुग्द भएर गाउँदै हुनुहुन्थ्यो । मैले एकछिन चुपचापसाथ हेरिरहें । अनि वस्ने अनुमति पाएपछि वसेर गीत सुनीरहें । लक्ष्मीको व्यवसायीक परिचयका लागि केही थप जानकारी लीन पुग्दा उहाँको कलाकारिता प्रतिको लगाव देखेर अचम्मीत परें । नयाँ परिचय पनि थाहा पाएँ । अत्यन्तै नयाँ अनुभुति भयो उहाँसँगको भेटघाटमा । धेरै पटक आँखा र साए मेरा, सँगसँगै मुस्कुराँए पनि ।

"जीवनलाई संघर्षको अर्को नाम" ठान्ने लक्ष्मी शर्माका जीवनमा अनेक उकाली ओराली आइपरे । ती सवै उकाली ओराली सजिलै पार गर्ने क्षमता उहाँमा झन्-झन् विकसित हुँदैगयो । त्यसैले त उहा आज नेपालको सफल महिला उद्यमीको रुपमा परिचित हुनुहुन्छ । लक्ष्मी शर्माका जीवनका विभिन्न मोडहरु कसरी विते होलान् त ? उहाँसँग गरेको कुराकानीको आधार मा तयार पारिएको उहाँको संघर्षपूर्ण जीवनमा चर्चा गर्न चाहन्छु ।

आमा सुकुमाया थापा मगर र वुवा लक्ष्मण थापा मगरको कोखवाट काठमाण्डौंको महाराजगंजमा वि.सं. २००७ साल मंसिर ३ गते जन्मीनुभएकी लक्ष्मीको वाल्यकाल सुखद् नै रह्यो । सामाजिक कुसंस्कारका कारण औपचारिक शिक्षा ग्रहण गर्न नपाउनु भएकी उहाँले त्यसवेलाको क्षण सम्झना गर्दै भन्नुहुन्छ, "त्यो वेलामा मेरा साथिहरु कोही पढ्न जाँदैनथे अर्थात पढाउने चलन थिएन । ठुला घरघरानीयाहरुले आफ्नै घरमा गुरु वोलाएर अनौपचारिक शिक्षा लिने प्रचलन थियो । तर हाम्रो किसान परिवार भएकाले त्यो संभव रहेन ।" लक्ष्मी आमा वुवाकी एकमात्र सन्तान हुनुहुन्छ । छ वर्षको उमेर देखि तत्कालीन राजा त्रिभुवनकी कान्छी वहिनीका घरमा वस्दै आउनुभएकी

लक्ष्मी एघार वर्षको उमेरमा राजाकी वहिनीको मृत्यू भएपछि मात्र त्यो परिवार छोडी आफ्नो घर फर्किनुभएको थियो । त्यो परिवारमा रहँदा उहाँले विहान साँझ पुजा कोठा सफा गर्ने,पुजाको सवै सामग्री तयार गर्ने,रानीका हात खुट्टा मसाज गर्ने साथै राजारानीको जन्मोत्सवको वेलामा विभिन्न नाटकहरुमा फरक फरक पात्रहरुको भुमिका खेल्ने जस्ता आदी कार्यहरु गर्नुहुन्थ्यो ।

तेह्र वर्षको कलिलो उमेरमा रामेछापको वागेश्वरीका गुणराज शर्मासँग लगनगाँठोमा वाँधिनुभएकी लक्ष्मीको वैवाहिक जीवन भने सुखद् रहेन । आफ्नो जीवनको असाध्यै कठिन यात्रा यही उमेरदेखि सुरु भएको स्मरण गर्नुहुन्छ, लक्ष्मी । श्रीमान् सरकारी जागीरे भएपनि असाध्यै खर्चिलो स्वभावका कारण उहाँलाई सधै आर्थिक अभाव भइरह्यो । सत्र वर्षको उमेरमा जेठी छोरी मीनाको जन्म भयो । मीना जन्मेको छ दिनको दिन  श्रीमान्को अफिसमा काम गर्ने एक जना महिला साथी आएर दुर्व्यवहार गरेको क्षण जीवनमा सवभन्दा वढी दुःखद् रहेको सम्झिनुहुन्छ, उहाँ । अर्को महिला साथिको निकटताका कारण आफुलाई सुत्केरी अवस्थामा पनि श्रीमान्ले नराम्रो व्यवहार गरेका कारण विस्तारै सम्वन्ध चिसिदैं गएको वताउनुहुन्छ । लक्ष्मीको कोखवाट जम्मा नौंजना वच्चाहरु जन्मेकोमा हाल तीन छोरीहरु मिना, जुनु र बुनुमात्र हुनुहुन्छ ।

जेठी छोरी जन्मेको छ महिना हुँदा नहुँदै लक्ष्मीले महाराजगंजमा डेरागरी वस्ने एकजना रसियन महिलाको घरमा काम गर्न थाल्नुभयो । त्यहाँ काम गरेवापत उहाँले साठी रुपैंया पाउनुहुन्थ्यो । रसियन महिलाले सय रुपैंया दिने रहिछन् । तर घरवेटीले चालिस रुपैंया कमिसन खाएर लक्ष्मीलाई साठीमात्र दिने गर्दारहेछन् । जव यो कुरा उहाँले थाह पाउनुभयो,तव आफुमाथि गरिएको शोषणले उहाँलाई असाध्यै मर्माहत वनायो । यो कुराले लक्ष्मीलाइ आजपनि कसैमाथि शोषण गर्नु हुदैंन भन्ने उहाँको मान्यता रहेको छ । पटक-पटक नोकरी खोज्दा साह्रै दुःख पाएको उहाँ पटक्कैं विर्सन सक्नुहुन्न । पछि उहाँले एकजना फ्रेन्च महिलाको घरमा काम पाउनुभयो । त्यस वेला उहाँको पारिश्रमिक दुइसय पचास थियो । तत्कालीन समयमा त्यति रकम राम्रै मानिन्थ्यो । तर आफुलाइ घरमा श्रीमान्को राम्रो सहयोग कहिल्यै नभएकोले काम गर्न असहज भएको उहाँ वताउनुहुन्छ ।

एकदिनको कुरा हो ती रसियन महिलाको वच्चा विरामी भएकाले लक्ष्मीले त्यो वच्चालाई हेर्दा हेर्दै राती वाह्र वजेछ । श्रीमान् आएर के गर्दैछ भनेर वाहिर आएर चियो गर्दैरहेछन् । लक्ष्मी भित्र फ्रेन्च महिलासँग कुरा गर्दै हुनुहुन्थ्यो । कुरा सकेपछि ती महिला अर्को कोठामा गइछन् । अनि लक्ष्मीका श्रीमान्ले उनलाई वोलाएर भनेछन् अघि तँ को केटामान्छेसँग कुरा गर्दैथिइस् ? कहाँ लुकाइस् अहिले ? भनेर निकै मानसिक यातना दिए । लक्ष्मीले पनि उहाँलाई कोठाभित्र लगेर सवैतीर देखाउनु भयो । अव आइन्दा कहिल्यै यसो नगर्नु भनी सम्भ्काएर पठाउनु भयो । त्यसवेला आफु असाध्यै दुःखी भएको वताउनुहुन्छ । त्यसको केहिदिन पछि लक्ष्मीकी छोरी साह्रै विरामी भइन् । छोरीको उपचारका लागि दुई घण्टा पनि विदा नपाएपछि उहाँले जागीरै छोड्नु प-यो । त्यहीं परि स्थितिका कारण उहाँ अर्काकोमा जागीर खानुभन्दा आफ्नै व्यवसाय संचालन गरेर अरुलाई काम दाम र न्याय दिन्छु भनी अठोट गरेको बताउनुहुन्छ । विवाह गरेपछि जम्मा तीन महिना मात्र उहाँ डेरामा वस्नुभयो । त्यसपछिका सवैदिन माइतीमा नै विताउँदै आउनुभएको छ । श्रीमान्ले कुनै कुरामा पनि प्रेरणा र सहयोग नगरेपछि प्राय पारिवारिक भ्कगडा भइरहन्थ्यो । त्यसकारण लक्ष्मीले कान्छी छोरी डेढ वर्षको हुदाँदेखि श्रीमान् छोडेर माइतीमै वस्दै आउनु भएको छ ।

सामन्ती पितृसत्तात्मक समाजमा महिलाले जति परिश्रम गरेपनि त्यसको कुनै मूल्य नहुने महिलाहरु कामप्रति विश्वास नगर्ने प्रचलन अहिले पनि जिउँदै छ । लक्ष्मीले यस्तो गलत सोचाईको विरुद्ध निरन्तर संघर्ष गर्नुभयो । जीवनमा आएका अनेकौं समस्याहरुलाई धैर्यतापूर्वक समाधान गर्दै जानु भयो । त्यसले उहाँमा जस्तै समस्या समाधान गर्ने आँट र क्षमता बढेको बताउनु हुन्छ ।

फ्रेन्च महिलाको घरमा कामवाट निकालिए पछि उहाँ अमेरिकन महिला (सुजन म्याडम) को घरमा काम गर्न थाल्नुभयो । तिनै सुजनको सहयोगमा एउटा अमेरिकन संस्था (जुन संस्था त्यसवेला नेपालमा कार्यरत थियो ) मार्फत लक्ष्मीलाई भारतमा हस्तकला सम्वन्धी तालिम गर्न जाने अवसर मिल्यो । त्यहाँ उहाँले कला सम्वन्धी विभिन्न कुराहरु सिक्नुका साथै भारतका विभिन्न कम्पनीहरुमा अध्ययन भ्रमण गर्ने अवसर पनि पाउनुभयो । त्यहींवेला देखि नै

उहाँलाइ नेपालमा फर्केपछि आफैं उद्योग खोल्छु भन्ने लागेको कुरा वताउनुहुन्छ । आठ महिनाको तालिम सकि नेपाल फर्केपछि कुन प्रकारको उद्योग खोल्दा वढि उपयुक्त होला भनि गहिरो अध्ययन गर्नुभयो लक्ष्मीले। देश भित्रकै कच्चापदार्थ प्रयोग गरी संचालन गर्न सकिने उद्योग खोल्ने दृढ निश्चय गरी काठ, हाड र सिंङ जस्ता कच्चापदार्थ प्रयोग गरी विभिन्न सामानहरु वनाउने निर्णय गर्नुभयो ।

त्यसका लागि लक्ष्मीसँग आर्थिक अभाव थियो । त्यो वेला तत्काल आर्थिक समस्या समाधानका लागि उहाँले टेम्पो चलाएर पैसाको जोहो गर्ने निर्णय गरी टेम्पो चलाउने तालिम लिन थाल्नुभयो । त्यो वेलासम्म नेपालमा कुनैपनि महिला टेम्पो चालक थिएनन् । त्यसैले त उहाँ **नेपालको पहिलो महिला टेम्पो चालक**को रुपमा परिचित हुनुहुन्छ । छोटो समयमा सिकेर व्यवसायिकरुपमा उहाँले यो काम गर्न थाल्नुभयो । त्यसवेलाको समयमा एउटा महिलाले टेम्पो चलाएर पैसा कमाउने कुरा अत्यन्तै चुनौतीपूर्ण थियो । परम्परागत सोचाइ भएको समाजमा लक्ष्मीको सहासलाई उत्साह थपिदिने कोही थिएन । वरु उहाँलाइ सवैले तिरस्कारका वाणले रोपिनैरहे । परिवार ,समाज,इष्टमित्र सवैवाट जतिनै तिरस्कृत हुनुपरे पनि आफु कहिल्यै विचलित नभएको वताउनुहुन्छ, लक्ष्मी ।

टेम्पो चालक हुदाँको अवस्थालाई स्मरण गर्दै लक्ष्मी भन्नुहुन्छ "म नै पहिलो टेम्पो चालक वन्छु भनेर मैले टेम्पो चलाएको होइन, त्यो वेला मलाई आर्थिक गुजारा कसरी गर्ने भन्ने समस्या थियो र त्यसका लागि टेम्पो चलाए । पछि थाहा भयो म नै नेपालको पहिलो महिला टेम्पो चालक रहेछु। टेम्पो चलाएर त म आफु मात्रै रोजगार भएँ तर अरुलाई पनि रोजगार दिएर कसरी गरीवको दु:ख हटाउन सकिन्छ भनेर उद्योग संचालन गर्ने निर्णय गरें ।" टेम्पो चलाएर आर्थिक उपार्जन गर्नु उहाँको दीर्घकालीन योजना थिएन । ट्याम्पो चलाएर कमाएको पैसा केही जम्मा भएपछि त्यो काम छोड्नु भयो। त्यहिं पैसाले काठ, हाड र सिंङवाट सामान वनाउने उद्योग संचालन गर्ने निर्णय गरी २०४३ सालमा **लक्ष्मी उड क्राफ्ट** नामक औद्योगिक संस्था दर्ता गर्नुभयो । रु.पाँचहजार लगानीमा माइतीको एउटा सानो कोठामा यो व्यवसाय शुरु गर्नुभयो । पशुहरु

मरेको सिनोवाट निकालिएको हाड र सिंङवाट उद्योग संचालन गर्नु कम चुनौतीपुर्ण थिएन् । घर,परिवार,समाज सवैलाई यो कुरा पचाउन असाध्यै गाह्रो भयो । परिवारमा पनि सवैले घर नै मसानघाट वनाइस् भनेर घृणा गरे । तिरस्कार सहनुप-यो । फलस्वरुप माईती घरवाट उद्योग नै सार्ने परिस्थिति सृजना भयो । त्यसपछि उहाँले त्यहाँवाट उद्योग वसुन्धरा चोकमा सार्नु भयो । सानोकोठावाट सुरु भएको उद्योग हाल महाराजगंजमा आफ्नै भवनमा संचालित छ । नेपालमा हाड र सिङवाट टाँक तथा हस्तकलाका विविध सामान उत्पादन गर्ने पहिलो उद्योग हो । लक्ष्मीले भारतमा गरेको तालिम अनुरुप नयाँ नयाँ कालीगढहरु उत्पादन गर्ने काममा पनि लाग्नुभयो । हालसम्म करिव चारहजार भन्दा वढी कालीगढहरु उत्पादन भइसकेका छन् । एउटा कालीगढ उत्पादन गर्नका लागि दुइलाख भन्दा वढी रकम खर्च लाग्दछ । सानो कोठावाट संचालित उद्योग हाल नेपालमा हाड र सिंङको क्षेत्रमा राम्रो उद्योगको रुपमा स्थापित छ । हाल उहाँको उधोगमा धेरै मजदुरहरु कार्यरत छन् ।

उद्योगको निर्देशकमा आफ्नै जेठी छोरी मिना कार्यरत हुनुहुन्छ । हालसम्म त्यहाँ करिव आठ सय प्रकारका टाँकहरु उत्पादन हुन्छन् । देशको राजनैतिक अवस्था राम्रो रहेमा उद्योग संचालन गर्न सहज हुने र हजारौं मजदुरहरुलाई रोजगार दिनसकिने लक्ष्मीको भनाइ छ । पैसा कमाउनको लागि विदेश जानु पर्दैन आफ्नै देश विकास गर्न आफ्नै देशमा स्वरोजगार सिर्जना गर्न सकिन्छ । उहाँ स्वयम् त्यसको उदाहरण हुनुहुन्छ । लक्ष्मीको कामलाई सम्मान गर्दै विभिन्न क्षेत्रवाट पुरस्कार र सम्मान दिने काम भएको छ ।

निकै कठिन यात्रा पार गरी सफलता प्राप्त गर्दै लक्ष्मीले विभिन्न समयमा निकै महत्वपुर्ण राष्ट्रिय र अन्तराष्ट्रिय पुरस्कार तथा सम्मानहरु प्राप्त गर्नुभएको छ । राष्ट्रिय युवा सेवा कोषद्धारा उद्यमी महिला पुरस्कार २०४४ स्वर्ण पदक नगद तथा प्रमाण पत्र । महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा सम्मान पत्र २०५७ प्रथम नेपाली महिला टेम्पो चालक । नेपाल हस्तकला उद्योग संघद्वारा हयाण्डिक्राफ्ट एक्सपोर्ट अवार्ड २०००-२००१ र टप एक्सपोर्टस् इन वोन एण्ड हर्न प्रोड्क्सनस् २०११ । राष्ट्रिय नारी सम्मान २०६१ लगायत उहाँले दुई दर्जन भन्दा वढी राष्टिय पुरस्कार तथा सम्मान प्राप्त

गर्नुभएको छ । Federation of Indian Women Entrepreneurs, India 4f/f Priyadarshini Award-1997, shield, Outstanding Woman Entrepreneur of Nepal,The STAR Group of USA बाट The Leading Women Enterpreneurs of the World TM 2000, Hillary Rodham Clinton on 25th April 1995 USA af6 Appreciation Letter, लगायतका आधा दर्जनजति अन्तराष्ट्रिय पुरस्कार तथा सम्मान प्राप्त गर्नु भएको छ । त्यसैगरी उहाँ डेनमार्क, जापान, जर्मनीलगायतका देशहरुमा अन्तराष्ट्रिय प्रदर्शनीमा सहभागी भइसक्नुभएको छ । विभिन्न सामाजिक संघ,संस्थामा समेत उहाँ संलग्न हुनुहुन्छ ।

लक्ष्मीले हाल संगीत सिक्दै हुनुहुन्छ । आफ्नै स्वरमा आफ्नै जीवनका कथाव्यथाहरु समेटिएका गीतहरुको संग्रहित एल्वम निकाल्ने तयारीमा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ कुनैपनि कार्य गर्नका लागि उमेर वाधक हुँदैन । रूची ,मिहनेत र परिश्रमका साथ काम गर्ने हो भने सजिलै सफल हुन सकिन्छ । नयाँ पुस्ताले पनि जोस र जाँगरका साथ रचनात्मक ढगले काम गरी देशलाई उन्नति र प्रगति गर्ने काममा लाग्नुपर्छ, भन्नुहुन्छ । लक्ष्मीको यो भावनाप्रति सबै सकारात्मक हुन सके संकटमा रहेको देशलाई छिटै संकटबाट मुक्त गर्न सकिन्छ । देश समृद्धिको बाटोतर्फ अगाडि बढ्नेछ । हामी पनि लक्ष्मीको जोस जाँगर र परिश्रमले अझै सफलता पाओस् भन्ने कामना गर्दछौं ।

■ ■ ■